# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, चैत २६ गते २०४१ साल (संख्या ५१


## भाग ३

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

**श्री ५ को सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०४१**

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०३८ मा संशोधन गर्न वान्छनीय भएकोले, श्री ५ महाराजाधिराजबाट नेपालको संविधान, २०१९ को धारा २९ को उपधारा (१) बमोजिम देहायका नियमहरू स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "श्री ५ को सरकार (कार्य-विभाजन) (पहिलो संशोधन) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०३८ को अनुसूची १ मा संशोधनः श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०३८ (यसपछि "मूल नियमावली" भनिएको) को अनुसूची १ को,–

(१) क्रमसंख्या १५ मा रहेको "वाणिज्य तथा आपूर्ति मन्त्रालय"को सट्टा "वाणिज्य मन्त्रालय" राखिएको छ ।

(२) क्रमसंख्या २० पछि देहायको क्रमसंख्या २१ थपिएको छः–

"२१. आपूर्ति मन्त्रालय ।"

633

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको अनुसूची २ मा संशोधन : मूल नियमावलीको अनुसूची २ को,–

(१) खण्ड १ को क्रमसंख्या ७ पछि देहायको क्रमसंख्या ८ र ९ थपिएका छन्:–

"८. राष्ट्रिय जनसंख्या आयोगसम्बन्धी ।

९. निर्देशिका कार्यान्वयन तथा निरीक्षणसम्बन्धी कार्य" ।

(२) खण्ड ८ को सट्टा देहायको खण्ड ८ राखिएको छ:–

"८. निर्माण तथा यातायात मन्त्रालय

१. स्थलमार्ग र जलमार्गसम्बन्धी यातायात तथा भौतिक परियोजनाको विकाससम्बन्धी नीति ।

२. सडक, पुल र सरकारी भवनको निर्माण, मर्मत तथा सम्भार एवं सम्बर्द्धन ।

३. जल तथा सतहमार्ग (रोप वेसमेत) द्वारा हुने यातायात तथा परिवहन सञ्चालन व्यवस्था ।

४. राजमार्ग तथा अन्य सार्वजनिक सडक योजना ।

५. नगर निर्माण (टाउन प्लानिङ्ग) योजना ।

६. आवास योजना ।

७. रोप वे, रेल वे, बस, पानी जहाज आदि स्थलमार्ग तथा जलमार्गबाट हुने यातायात विकासको नीति निर्धारण ।

८. स्थलमार्ग र जलमार्गको माध्यमबाट हुने यातायातमा सामन्जस्यपूर्ण नीति निर्धारण ।

९. यातायात (हवाई यातायातबाहेक) र परिवहनसम्बन्धी संस्थान तथा सङ्गठनहरू ।

१०. निर्माणसम्बन्धी संस्थान तथा सङ्गठनहरू ।

११. निर्माण तथा स्थलमार्ग र जलमार्गसम्बन्धी यातायात विषयसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसंगको सम्पर्क ।

१२. नेपाल इञ्जिनीयरिङ्ग सेवाअन्तर्गत देहायका उप-समूहको प्रशासन–

(क) जनरल (सिभिल इञ्जिनीयरिङ्ग) उप-समूह ।

(ख) ट्रान्स्पोर्टेशन उप-समूह ।

(ग) बिल्डिङ्ग एण्ड आर्किटेक्ट उप-समूह ।"



628

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड ९ को क्रमसंख्या ६ पछि देहायका क्रमसंख्या ७,८,९,१०,११,१२ र १३ थपिएका छन् :–

"७. हवाई यातायात विकाससम्बन्धी नीति ।

८. विमानस्थलको निर्माण, मर्मत तथा सम्भार एवं सम्बर्द्धन ।

९. हवाई मार्गद्वारा हुने यातायात तथा परिवहनको सञ्चालन व्यवस्था ।

१०. हवाई विकास योजना ।

११. हवाई यातायातसम्बन्धी संस्थान तथा सङ्गठनहरू ।

१२. हवाई यातायातसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसंगको सम्पर्क ।

१३. नेपाल इञ्जिनीयरिङ्ग सेवाअन्तर्गत देहायका समूहको प्रशासन–

(क) एरोनटिकल इञ्जिनीयरिङ्ग समूह ।

(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इञ्जिनीयरिङ्ग समूह ।

(ग) सिभिल एभिएशन अपरेशन म्यानेजमेन्ट इञ्जिनीयरिङ्ग समूह ।"

(४) खण्ड १५ को सट्टा देहायको खण्ड १५ राखिएको छः–

"१५. वाणिज्य मन्त्रालय

१. वाणिज्य नीतिको प्रभावकारी कार्यान्वयन ।

२. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी अध्ययन, अनुसन्धान र सर्भेक्षण ।

३. वाणिज्यसम्बन्धी ऐन, नियमको कार्यान्वयन ।

४. आयात निर्यात व्यापारसम्बन्धी नीतिगत निर्णय र राष्ट्रिय हित अनुकूल अन्तर्राष्ट्रिय व्यापार सञ्चालन ।

५. सरकारी तथा सार्वजनिक व्यापारको योजनाबद्ध रूपबाट सञ्चालन ।

६. वाणिज्य र पारवहनसम्बन्धी सन्धि, सम्झौता, द्विपक्षीय र बहुपक्षीय अन्तरसरकारी वाणिज्य वार्ता र तत्सम्बन्धी समीक्षा ।

७. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय वाणिज्य र परिवहनसम्बन्धी सङ्घ संस्थाहरूसंग सम्पर्क, सहयोग र समन्वय ।

८. पारवहन गोदाम तथा अन्तर्राष्ट्रिय परिवहनका क्षेत्रमा आवश्यक कार्य ।

९. व्यापार, पारवहन र अन्तर्राष्ट्रिय परिवहनसम्बन्धी सूचनाहरूको सङ्कलन, विश्लेषण र सूचनाको आदान प्रदान ।



632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार सञ्चालनका लागि विभिन्न वैकल्पिक परिवहनका साधनहरूसम्बन्धी अध्ययन, सर्भेक्षण र कम खर्चिलो परिवहनसम्बन्धी आवश्यक व्यवस्था ।

११. उपर्युक्त क्षेत्रमा दक्ष जनशक्तिको विकास तालीम ।

१२. विकास निर्माण सामग्री र जनजीवनका लागि अत्यावश्यक वस्तुहरूको मूल्य सुपरिवेक्षण ।"

(५) खण्ड २० पछि देहायको खण्ड २१ थपिएको छः–

"२१. आपूर्ति मन्त्रालय

१. आपूर्तिसम्बन्धी नीति निर्माण र कार्यान्वयन ।

२. आपूर्ति व्यवस्थासम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, विश्लेषण तथा तालीम ।

३. आपूर्तिसम्बन्धी कानूनको प्रशासन ।

४. बजार व्यवस्था र मूल्य सुपरिवेक्षण ।

५. क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय आपूर्तिसम्बन्धी सङ्घ संस्थाहरूसंगको सम्पर्क र समन्वय ।

६. आपूर्तिसम्बन्धी संस्थानहरूको निर्देशन तथा सुव्यवस्था ।

७. खाद्य आपूर्तिसम्बन्धी नीति र कार्यान्वयन ।

८. सर्वसाधारण जनताको लागि अत्यावश्यकीय उपभोग्य पदार्थहरूको नियमित र सन्तुलित आपूर्ति व्यवस्था गर्ने ।

९. विकासका निम्ति चाहिने निर्माण सामग्रीहरू र जनताको जनजीवनको लागि अत्यावश्यक उपभोग्य वस्तु तथा पदार्थहरू आपूर्ति गर्ने सम्बन्धमा वाणिज्य मन्त्रालयले पैठारी गर्ने निर्णय गर्दा र इजाजतपत्रको निकासा दिनु अघि आपूर्ति मन्त्रालयसंग निकटतम समन्वय राखी सो मन्त्रालयको राय लिएर मात्र गर्ने ।"

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव



६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।